# यातना सम्बन्धि नेपाललाई लागु हुने कानूनहरुको तथ्य पुस्तिका

हयुमन राइट्स
एण्ड जस्टिस सेन्टर

# क. यातनाको परिभाषा

यातना विरुद्धको महासन्धि नामको अन्तर्राष्ट्रिय सन्धि अनुसार यातना भनेको:

» जानीजानी कठोर शारीरिक वा मानसिक पिडा वा कष्ट दिने कार्य हो :

**याद गर्नुहोस्**

यातनाका केही उदाहरणहरू पिट्ने, लात्ताले हान्ने, विधुतीय झट्काको प्रयोग गर्ने, नाक भित्र पानी पठाउने जस्ता हुनसक्छन तर यो सुची यतिमै सिमित भने छैन । यातना भनेको कुनैपनि त्यस्तो कार्य हुनसक्छ जसले व्यक्तिलाई कठोर पिडा दिन्छ चाहे शारीरिक रूपमा होस् वा मानसिक रूपमा । अन्तर्राष्ट्रिय कानून अन्तर्गत बलात्कार गर्ने, यौन दुव्यवहार गर्ने, थुनाका व्यक्तिलाई नांगै पार्ने र प्रजनन अंगमाथि हानि पुर्याउने जस्ता यौन हिंसाका कार्यलाई पनि यातना मानिन्छ ।

» त्यस्तो कार्यको जानकारी वा साबिती लिने वा निज वा तेश्रो व्यक्तिले गरेको वा गरेको भनी शंका गरिएको कार्यकोलागि दण्ड दिने, वा निज वा तेश्रो व्यक्तिलाई त्रास देखाउने वा जोरजुलूम गर्ने जस्ता उद्देश्यहरु वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि गरिएको हुन्छ ।

**याद गर्नुहोस्**

कसुरदारले माथि दिएका एक वा सो भन्दा धेरै नियत राखेर काम गरेको हुनुपर्छ तर यो सुची यतिमै सिमित छैन । जस्तै, कसुरदारले कुनै पिडितलाई तर्साउन वा रोकथामको उपायको रूपमा पनि यातनाको प्रयोग गरेको हुनसक्छ । यद्यपि यातना जहिले पनि जानीजानी (नियतपूर्वक) दिइएको हुन्छ ।

» कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेश्रो व्यक्तिबाट गरिएको हुन्छ ।

**याद गर्नुहोस्**

यातनाको कसुरदार राज्यको निकायको प्रतिनिधि (जस्तै, आर्मी वा प्रहरी वा कानून कार्यन्वयन गर्ने कुनै अधिकारी) वा राज्यको प्रतिनिधिको वहकाउ वा सहमति वा मौन सहमतिमा काम गर्ने अन्य कुनै व्यक्ति हुन्छ । यातनाका पीडितले आफुलाई पूर्ण निर्भर भएको अवस्थामा पाउँछन र पिडितहरु यसकारण हिंसाहरूप्रति खासगरी कमजोर हुन्छन् । यातना थुना वा कैदमा भएका व्यक्तिहरुमाथि मात्र प्रयोग हुने होइन । यो खासगरी स्वतन्त्रता खोसिएका व्यक्तिहरूमाथि प्रयोग गरिन्छ ।

# ख. यातनासँग सम्बन्धित नेपाली कानुनहरु

नेपालका निम्न कानूनहरूमा यातनाका प्रावधानहरू छन् :

## ख.१. नेपालको संविधान २०७२ (२०१५)

संविधानलाई देशको सबैभन्दा ठुलो कानून मानिन्छ । नेपालको संविधानले यातनालाई प्रतिबन्ध गरेको छ र यातना भएको खण्डमा पिडितलाई न्यायिक उपचारको व्यवस्था गरेको छ । अर्को शब्दमा भन्नुपर्दा, यदि कुनै व्यक्तिमाथि यातना भएमा, पीडितले कसुरदार विरुद्ध कानूनी कारवाही गर्नसक्छ र क्षतिपूर्तिका माग पनि गर्नसक्छ । संविधान अनुसार, पिडितलाई न्यायको अधिकार, सामाजिक पुर्नस्थापनाको अधिकार र क्षतिपुर्तिको अधिकार पनि हुन्छ । संविधानमा दिएका अधिकारहरूलाई निम्न ऐनहरूको परिचालन गरी अधिकार प्रदान गरिन्छ ।

## ख .२. यातना सम्बन्धि क्षतिपूर्ति ऐन २०५३ (१९९६)

यो ऐन अनुसार यातनालाई प्रतिबन्धित गरिएको छ । यसले कसुरदार विरुद्ध प्रशासकीय कारवाही (जस्तै कसुरदारलाई केही समयको लागि जागिरबाट हटाइने वा जागिरबाट पाउने केहि सुबिधा नदिने) गरिन्छ । यस ऐनले कसुरदार विरुद्ध कुनैपनि फौजदारी कारवाहीको परिकल्पना गरेको छैन अर्थात् कसुरदारले कुनै जेल सजाय भोग्नुपर्दैन ।

यस ऐन अनुसार पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता, शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा पर्न गएको असर (जस्तै कुनै सिलाईको काम गर्ने मानिसलाई यातनाका कारण हातले काम गर्न नसक्ने वा हात नचल्ने भएमा उसको कमाईमा पारेको असर), पिडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व जस्ता आधारहरूलाई नियालेर पिडितहरूलाई क्षतिपूर्तिको रकम निर्धारण गर्नुपर्छ । यस कानून अनुसार यातना भोगेको वा थुनाबाट मुक्त भएको ३५ दिन भित्र व्यक्तिले उजुरी दिनुपर्छ ।

## ख. ३. मुलुकी अपराध (संहिता) ऐन र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ (२०१७)

यो कानून १ भदौ २०७५ देखि लागु भएको हो । त्यसकारण यो कानून ती अपराधहरूमा लागु हुन्छ जुन यो मिति पछी घटेका छन् । मुलुकी अपराध (संहिता) ऐनले यातनालाई परिभाषित गर्छ, कसुरदारलाई सजाय र पिडितलाई क्षतिपूर्तिको व्यवस्था गर्छ भने फौजदारी कार्यविधि संहिता ऐनले यातना विरुद्धका उजुरीहरू लाने प्रक्रिया निर्धारण गर्छ । फौजदारी संहिता ऐनले यातनालाई गम्भीर अपराध मानेको छ । यातनाका कसुरदारलाई कैद सजाय र पिडितलाई क्षतिपूर्ति प्रदान गरिन्छ ।

फौजदारी ऐनको अनुसार, यदि कुनै व्यक्तिले यातना दिएमा वा सोको निर्देशन दिएमा वा यातनामा संलग्न कसैलाई सहायता गरेमा त्यस्तो व्यक्तिलाई ५ वर्षसम्म कैद वा ५०,००० ( पचास हजार ) रुपैया सम्मको जरिवाना वा दुवै सजाय हुन्छ । साथै यदि यातना दिने व्यक्ति एक भन्दा धेरै भएमा, समुहका सबै व्यक्तिलाई एकै खालको सजाय हुन्छ ।

कसुरदारले आफूले गरेको यातना आफूभन्दा माथिल्लो तहको निकायले दिएको आदेश बमोजिम गरेको भनी प्रतिरक्षा गर्न पाउँदैन । त्यसकारण कसुरदार वा कसुरदारहरूलाई माथिल्लो तहको निर्देशन बमोजिम यातना दिएको भएतापनि सजाय हुन्छ ।

यदि फौजदारी संहिता अनुसार कुनै उजुरी अदालत समक्ष ल्याएमा, अदालतले कसुरदारलाई अन्तरिम राहत वा औषधि उपचारको खर्चको लागि पिडित वा उसको परिवारलाई सहयोग वा क्षतिपूर्ति प्रदान गर्न निर्देशन दिनसक्छ । यदि कसुरदारले रकम तिर्न नसकेको खण्डमा सो रकम नेपाल सरकारले "पिडित राहत कोषबाट" झिकी अन्तरिम राहातको रूपमा प्रदान गर्नुपर्छ । तर, यदि अदालतले कसुरदारलाई निर्दोष ठहराएमा त्यस्तो रकम पीडितले फर्काउनुपर्छ ।

थप रूपमा, यस कानूनमा भएका अन्य प्रावधानहरू यस प्रकार छन् :

» यदि अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएका व्यक्तिलाई यातना दिएको भए सोको प्रमाण निजको शारीरिक जाँचबाट उपलब्ध हुन सक्ने आधार देखाई निज वा निजको तर्फबाट अरु कसैले चिकित्सक वा स्वस्थाकर्मीबाट शारीरिक जांच गराउन आदेश दिनको लागि अदालतमा निवेदन दिन सक्छ ।
» यदि कुनै पिडित वा साक्षीलाई अदालतमा बयान दिनुअघि वा पछी कुनै किसिमको खतरा महसुस भएमा त्यस्तो व्यक्तिले सुरक्षाको प्रबन्ध गरिदिन अदालत समक्ष निवेदन दिनसक्छ । त्यस्तो अवस्थामा अदालतले सम्बन्धित निकाय (नेपाल प्रहरी)लाई सुरक्षा प्रदान गर्न निर्देशन दिनसक्छ ।
» अदालतको कारवाही सुरु भएपश्चात, मुद्दाका साक्षीहरूलाई बयान दिन अदालत आवत जावत गरेको यातायात खर्च प्रदान गरिन्छ ।

## सशस्त्र द्वन्दको बेला भएका यातना

नेपालमा २०५२ साल देखि २०६३ साल सम्म सशस्त्र द्वन्द थियो । यस अवधिमा स्वेछाचारी हत्या, यातना, जबरजस्ती बेपत्ता पारिने र यौन हिंसा लगायतका थुप्रै मानव अधिकार उल्लंघनका घटनाहरू घटे । २०१४ मा "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन" भन्ने कानून लागु भयो । यो कानून द्वन्दमा घटेका अपराधहरूसँग सम्बन्धित छ । यो कानूनको आधारमा दुइवटा आयोगहरूको निर्माण गरियो । यी दुई आयोगको नाम "सत्य तथा निरुपण आयोग" र "बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानविन आयोग" हो । यी दुई आयोगसँग द्वन्दका बेला घटेका मानव अधिकार उल्लङ्घनका घटनाको छानबिन गर्ने अधिकार र पिडित तथा कसुरदारको खोजी गर्ने र पिडित तथा निजको परिवारको लागि परिपुरणका उपायहरूको अवलम्बन गर्न सिफारिस दिनसक्ने अधिकार छ । २०१५ देखि २०१७ सम्म आयोगमा ६३,००० उल्लंघनका उजुरीहरू दर्ता भएका छन् । यी आयोगहरूले थप रुपमा फाल्गुन २०७६ सम्म काम गर्ने छन् । आजको दिनमा आयोगले नयाँ उजुरी लिँदैन ।

यी आयोगहरू आफैंले अदालतको जस्तो कसुरदारलाई सजाय दिने र पिडितलाई क्षतिपूर्ति दिने काम गर्दैनन् । यिनीहरूले सरकारका अन्य निकायहरूलाई (जस्तै प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय) यस्तो कार्य गर्न सिफारिस गर्दछन् । यदि द्वन्दको बेला यातना पाएको कुनै व्यक्तिले सन् २०१७ अघि सत्य तथा निरुपण आयोगमा उजुरी गरेको छैन भने, उसले हालको लागी नयाँ उजुरी गर्न सक्दैन । तरपनि, यातना सम्बन्धि क्षतिपूर्ति ऐन अनुसार, ३५ दिनको हदम्याद अन्तर्राष्ट्रिय कानून विपरित भएको भन्दै क्षतिपूर्ति लिनको लागि पहल गर्नसक्छ ।

यदि पीडितले नेपालमा न्याय वा उपचार नपाएकोमा तल "खण्ड घ" मा उल्लेख गरिए अनुसार अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गत उजुरी हाल्न सक्छ ।

# ग. नेपालमा कहाँ र कसरी यातना विरुद्ध मुद्दा हाल्ने?

नेपालमा यातना विरुद्ध मुद्दा दुई तरिकाले गर्न सकिन्छ :

## क) मुलुकी अपराध (संहिता) ऐन अनुसार जाहेरी दरखास्त दिएर

घटनाको तथ्य र थाह भएको प्रमाणको वर्णन गर्दै कानूनमा दिएको ढाँचाको प्रयोग गरी नजिकैको प्रहरी चौकीमा लिखित वा मौखिक वा विद्युतिय तरिका मार्फत उजुरी दिन सकिन्छ । त्यसरी उजुरी दिंदा घटना भएको वा थुना मुक्त भएको ३५ दिन भित्र उजुरी दिनुपर्छ ।

त्यस्तो दरखास्त सम्बन्धित प्रहरीले दर्ता गर्नुपर्छ र दर्ता गरेको पत्र दर्ता गर्ने व्यक्तिलाई दिनुपर्छ । त्यसपछी प्रहरीले सो उजुरी कार्यालयको दर्ता किताबमा उजुरी टिप्नुपर्छ । उजुरी आएको कार्यालयले सो मुद्दाको लागि कि त अनुसन्धान गर्ने अधिकारी खटाउनुपर्छ कि त सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा सो निवेदन पुराउनुपर्छ ।

यदि प्रहरी कार्यालयले त्यस्तो उजुरी लिन नमानेमा सो उजुरी उही प्रहरी कार्यालयको माथिल्लो निकाय वा जिल्ला सरकारी वकिलको कार्यालयमा लान सकिन्छ र केहि गरी त्यहाँ पनि उजुरी नलिएमा जिल्ला प्रमुख अधिकारीसमक्ष सो निवेदन लग्न सकिन्छ र यदि त्यहाँ पनि उजुरी दर्ता नभएमा गृह मन्त्रालयमा उजुरी लान सकिन्छ । गृह मन्त्रालय वा जिल्ला प्रमुख ले ३ दिनभित्र उक्त उजुरीमा जवाफ दिनुपर्छ ।

उजुरी दर्ता भएपछी, अनुसन्धान गर्ने अधिकारीले अनुसन्धान गरी, अभियोजन पत्र तयार गरी जिल्ला सरकारी वकिलसमक्ष त्यस्तो निवेदन पुराउनु पर्छ र सो कार्यालयले उजुरी जिल्ला अदालतमा दर्ता गर्छ ।

मुद्दाको कारवाही सुनेर अदालतले यदि कसुरदारहरुले यातना गरेको प्रमाणित भएमा कसुरदारलाई कैद सजाय र पिडितलाई माथि लेखिए अनुसार क्षतिपूर्ति प्रदान गर्नसक्छ ।

यदि सरकारी वकिलले उजुरी पढेर र जाँच गरेपछी अघि बढाउने निर्णय लिएको खण्डमा सो कुरा अनुसन्धान अधिकारीले उजुरी गर्ने व्यक्तिलाई जानकारी दिनुपर्छ ।

## ख) यातना सम्बन्धी क्षतिपूर्ति ऐन अनुसार अदालतमा उजुरी दर्ता गर्न मिल्ने

यदि पिडित वा उमेर पुगेको उसको परिवारको कुनै सदस्य वा कानूनी प्रतिनिधिले पिडितलाई यातना भएको जिल्लाको जिल्ला अदालतमा घटना भएको वा थुनाबाट छुटेको ३५ दिनभित्र उजुरी दर्ता गर्नुपर्छ

साथै कुनै व्यक्तिलाई यातना भएको लागेमा परिवारको सदस्यले अदालतमा ३ दिनभित्र सो व्यक्तिको शारीरिक तथा मानसिक जाँच गर्न लिखित निवेदन दिनसक्छ

मुद्दाको पूर्ण कारवाही पछी, अदालतले मुद्दामा निर्णय दिन्छ र यदि सरकारी कर्मचारीलाई दोषी पाएमा प्रशासकीय कारवाही गर्न निर्देशन दिन्छ

यदि कसुरदार दोषी भएमा उसलाई १,००,००० सम्मको क्षतिपूर्ति प्रदान गर्न अदालतले निर्णय दिन्छ

यी दुई कानून लागु हुने तरिकामा केहि भिन्नताहरू निम्न प्रकार छन् :

| यातना सम्बन्धि क्षतिपूर्ति ऐन | मुलुकी अपराध (संहिता) ऐन र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन |
|---|---|
| यो कानून यातनाका त्यस्ता घटनाहरूमा लागु हुन्छ जुन ३ पौष २०५३ (१८ डिसेम्बर १९९६) पछी घटेका हुन् । त्यसैले नेपालमा द्वन्दकालमा भएका घटनाहरुको लागि यो कानून प्रयोग गरी निवेदन पेश गर्न'पर्छ । तर, यसको उजुरी गर्ने हदम्याद ३५ दिन हो अर्थात् यदि कुनै व्यक्ति घटना घटेको ३५ दिन पछी उजुरी दिएर जान्छ भने अधिकारीले सो उजुरी दर्ता नगर्न सक्छ जसले गर्दा कानूनी कारवाही अघि बढ्दैन । | यो कानून यातनाका त्यस्ता घटनाहरूमा लागु हुन्छ जुन १ भदौ २०७५ (१७ अगस्ट २०१८) पछी घटेका हुन् । त्यसैले, १ भदौ २०७५ पछी घटेका घटनाहरू (अर्थात आज वा आज पश्चात घटेका घटनाहरू) यो कानून अनुसार उजुरी लाग्नुपर्छ जबसम्म यसलाई परिवर्तन गर्ने नयाँ कानून बन्दैन । साथै द्वन्दका बेला भएका घटनाहरू यो कानून अनुसार उजुरी गर्न सकिदैन । |

यी दुई ऐनमा अन्य भिन्नताहरु पनि रहेका छन् जुन यस प्रकार छन् :

| यी आधारमा | यातना सम्बन्धि क्षतिपूर्ति ऐन | मुलुकी अपराध (संहिता) ऐन र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन |
|---|---|---|
| यातनाको परिभाषा | "यातना" भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ । | "यातना" भन्नाले पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई कुनै जानकारी हासिल गर्न, कसुरमा साबिती बयान गराउन, दण्ड दिन, जोर जुलुम वा त्रास देखाउन वा कानून विपरित काम गर्न उद्देश्य राखी जानीजानी दिइने शारीरिक वा मानसिक पीडा वा कष्ट बुझिन्छ । |
| कसुरदारलाई सजाय | कसुरदार विरुद्ध प्रशासकीय कारवाही गरिन्छ र कसुरदार उपर कुनै कैद सजाय गरिँदैन । | कसुरको गम्भीरता हेरी ५ वर्षसम्म कैद वा ५०,००० रुपैँयासम्मको जरिवाना वा दुवै सजाय हुन्छ । |
| क्षतिपूर्ति | क्षतिपूर्ति प्रदान गर्दा पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता, पिडित व्यक्तिको उमेर जस्ता आधारहरूलाई नियालेर पिडितहरूलाई क्षतिपूर्तिको रकम निर्धारण गरिन्छ । यसरी प्रदान गर्ने रकम १,००,००० भन्दा बढी हुँदैन । | यदि मुद्दा अदालतमा दर्ता भएमा अदालतलाई ठिक लागेमा अदालतले पिडित वा पिडितको परिवारलाई कसुरदारबाट अन्तरिम राहत वा क्षतिपूर्ति वा औषधी उपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम तिर्न लगाउन सक्छ । |
| राष्ट्रिय निकाय अघि उजुरी दिने प्रक्रिया | उजुरी (निवेदन) थुनामा राखिएको जिल्लाको जिल्ला अदालतमा दिनुपर्छ । | नजिकैको प्रहरी चौकीमा गई जाहेरी दरखास्त दिनुपर्छ । |
| उजुरी दिने समय | घटना भएको वा थुनाबाट छुटेको ३५ दिनभित्र उजुरी दिनुपर्छ । | घटना भएको वा पक्राउ, नियन्त्रण वा हिरासत, थुना, कैद वा नजरबन्द भएको मितिले ६ महिनाभित्र उजुरी दिनुपर्छ । |

यसका साथसाथै कुनै पिडित वा पिडितको लागि कुनै व्यक्तिले थुनाबाट मुक्त भएको ६ महिनाभित्र राष्ट्रिय मानव अधिकार आयोग समक्ष "राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८" अन्तर्गत यातनाको उजुरी लग्न सक्छ । त्यस्तो उजुरी लिखित वा मौखिक वा विद्युतिय रूपमा दिन सकिन्छ । आयोगले सम्बन्धित अधिकारी वा निकायलाई त्यस्तो कार्य तुरुन्त रोक्न सिफारिस गर्नसक्छ ।

यदि आयोगले मानव अधिकारको उल्लङ्घन भएको पाएमा सोको अनुसन्धान गर्न वा गराउन सक्छ । साथै यदि अनुसन्धान पश्चात आयोगलाई पिडितलाई क्षतिपूर्ति प्रदान गर्न'पर्ने लागेमा पिडितलाई उचित क्षतिपूर्ति प्रदान गरिदिने सिफारिस पनि गर्नसक्छ । तर पनि पीडितले क्षतिपूर्ति पाइसकेको खण्डमा वा पाउने प्रक्रिया अघि बढिसकेको खण्डमा आयोगले त्यस्तो सिफारिस गर्दैन । यसरी प्रदान गर्ने रकम ३,००,००० भन्दा बढी हुँदैन ।

# घ. नेपालका लागि लागु हुने अन्तर्राष्ट्रिय मापदण्डहरू: के र किन ?

विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू (घोषणापत्र/महासन्धि/प्रतिज्ञापत्र) ले यातना प्रतिबन्धित गर्छ । केही महासन्धिहरूले राज्यले यातना दिनु नहुने र यातना विरुद्ध कारवाही गर्न'पर्ने कुरा उल्लेख गरेको छ । केही महासन्धिहरूले उजुरी निकाय समेत बनाएका छन् जसलाई "समिति" भनिन्छ । यी समितिले पीडितले राज्य विरुद्ध दिएको उजुरी हेर्छन् र निर्णय दिन्छन् जसलाई अंग्रेजीमा "भिउज्" भनिन्छ । यहाँ यो कुरा ध्यान दिन जरुरी छ कि यसरी उजुरी गर्न देशले सम्बन्धित सन्धि हस्ताक्षर गरेको हुनुपर्छ र त्यस्तो निकायको उजुर ग्रहण गर्ने कुरामा स्वीकृति जनाएको हुनुपर्छ । हरेक समितिअघि उजुरी लानुभन्दा अघि समितिले उजुरी स्वीकार गर्ने आधारहरु के के हुन् भन्ने जाँच गर्नपनि जरुरी हुन्छ । सबैभन्दा मुख्य आवश्यकता के हो भने अन्तर्राष्ट्रिय तहमा उजुरी लानुभन्दा पहिले पीडितले घरेलु निकायहरुमा नै न्याय र परिपूरण खोज्ने प्रयासहरू गरेको हुनुपर्छ ।

तल दिएको सूचीले नेपालले हस्ताक्षर गरेको मुख्य अन्तर्राष्ट्रिय दस्तावेज र उजुरी सुन्ने निकाय र त्यसको स्वीकृति दर्शाउँछ :

| सन्धि | अनुमोदित मिति | उजुरी सुन्ने निकायलाई नेपालको स्वीकार्यता/मिति |
|---|---|---|
| यातना तथा अन्य क्रुर, अमानवीय क्रुर, वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ | ३१ वैशाख २०४८ | छैन |
| नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | ३१ वैशाख २०४८ | छ/ ३१ वैशाख २०४८ |
| महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ | ३१ वैशाख २०४८ | छ/ १ असार २०६४ |
| अपाङ्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि, २००६ | २४ वैशाख २०६७ | छ/ २४ वैशाख २०६७ |
| बालबालिकाको अधिकार सम्बन्धी महासन्धि, १९८९ | २९ भदौ २०४७ | छैन |

यातनालाई अन्य अन्तर्राष्ट्रिय सन्धिहरुमा पनि प्रतिबन्धित गरिएको छ जस्तै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र १९४९ का चारवटा जेनेभा महासन्धिहरू । तर पनि यी सन्धिहरूमा पिडितले प्रयोग गर्न सक्ने उजुरीको संयन्त्र स्थापित गरिएको छैन । यातनाका उजुरीहरू संयुक्त राष्ट्रसंघका अन्य संयन्त्रहरू मार्फत पनि अघि बढाउन सकिन्छ, जसलाई "विशेष प्रक्रियाहरू" भनिन्छ । जब मानिसहरू नेपालमा न्याय प्राप्त गर्न असफल हुन्छन् तब यस्ता संयन्त्रहरूको परिचालन गरी अन्तर्राष्ट्रिय तहमा मुद्दाहरू अघि बढाई पिडितहरूको अधिकारको सम्मान गर्दै उपचार प्रदान गर्नको लागि सरकारलाई दवाब दिन सकिन्छ ।

## ङ. यातना भएमा कता जाने?

माथि उल्लेख गरेजस्तो कुनै व्यक्तिलाई यातना भएमा कानूनी उपायहरु नेपालभित्र अपनाउन सकिन्छ र पर्छ पनि  र कुनैकुनै अवस्थामा उजुरीहरू अन्तर्राष्ट्रिय निकाय समक्षसम्म पुऱ्याउनु पर्छ । तर पनि सबै पिडित वा प्रभावित व्यक्तिले वकिलको लागि व्यवसायिक रकम तिर्न सक्दैनन् । केही त्यस्ता पिडितहरूलाई निःशुल्क कानूनी सेवा दिने र प्रतिनिधित्वको सेवा दिन सहयोग गर्ने केही संस्थाहरू छन् । ह्युमन राईट्स एण्ड जस्टिस सेन्टर पनि त्यस्तै एक संस्था हो ।

## च. हयुमन राईट्स एण्ड जस्टिस सेन्टरबारे जानकारी

विगतमा ह्युमन राईट्स एण्ड जस्टिस सेन्टरले यातनाका पिडितहरूको लागि वकिल राख्न सहयोग गरेर मुद्दामा अभियोजन गरेका छन् । यो संस्था एक गैर मुनाफा वितरण गर्ने संस्था हो जसले नेपालमा घटेका यातना, स्वेछाचारी हत्या, जबर्जस्ती बेपत्ता र यौन हिंसाजस्ता जघन्य मानव अधिकार उल्लंघनका पिडितहरुको न्यायमा पहुँच बढाउन सहयोग गर्छ ।

यो संस्थाले पिडितको धार्मिक वा राजनीतिक पृष्ठभूमिको भेदभावबिना नै निःशुल्क कानूनी सेवा प्रदान गर्छ । यो संस्थाले भरपर्दो नेपाली वकिलहरूको संजाल निर्माण गरेको छ जसले मुद्दाको राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रतिनिधित्व गर्छन । यो संस्थाले कानूनी शासन लागु गरी दण्डहीनता हटाउने लक्ष्य राखेको छ ।

## छ. हयुमन राईट्स एण्ड जस्टिस सेन्टरको सम्पर्क जानकारी

फोन नम्बर ९७७ – ९८१८०१८९२४
ई– मेलः *contact@hrjc.org.np*